नगरपालिकाबाट स्वीकृत मिति - २०७८/११/९

# शितगंगा नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
ठाडा अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

# शितगंगा नगरपालिका

# नगर प्रमुख विपन्न वर्ग आय आर्जन कार्यक्रम व्यवस्थापन कार्यविधि २०७८

# नगर  प्रमुख विपन्न वर्ग आय आर्जन कार्यक्रम व्यवस्थापन कार्यविधि - २०७८

**परिचय**

शितगंगा नगरपालिकामा रहेका आर्थिक तथा सामाजिक रुपले विपन्न वर्गहरुको आर्थिक उपार्जनमा सहायतता प्रदान गरी आय आर्जनमा टेवा पुर्याउने उद्धेश्यले वार्षिक नीति तथा कार्यक्रममा समावेश गरिएको र विपन्न, असहाय, दलित, जनजाति एवं अल्पसंख्यकको जिवन निर्वाहमा सहजता तथा आर्थिक बृद्धी गर्न नगर प्रमुख आय आर्जन कार्यक्रम व्यवस्थापन कार्यविधि २०७८ तयार गरिएको हो ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : १ यस कार्यविधिक नाम **"नगर प्रमुख आय आर्जन कार्यक्रम व्यवस्थापन सम्बन्धि कार्यविधि २०७८"** रहेको छ ।

२. यो कार्यविधि नगर कार्यपालिकाले पारित गरेको मिति देखि  तुरुन्तै  लागु हुने छ ।

**परिभाषा**  - विषय वा प्रसङगले अर्को अर्थ नलागेमा

क) नगरपालिका भन्नाले शितगंगा नगरपालिका सम्झनुपर्छ ।

ख) "व्यवस्थापन/समन्वय समिति" भन्नाले नगर प्रमुख आय आर्जन कार्यक्रमलाई सु - व्यवस्थित एवं पारदर्शि तवरले सञ्चालन गर्ने, कार्यक्रम विनियोजन गर्ने र अनुगमन मुल्याङकन गर्ने समेतको समितिलाई बुझ्नुपर्छ ।

ग) "वडा कार्यालय" भन्नाले यस नगरपालिका अन्तर्गतका वडा कार्यलयहरु सम्झनुपर्छ ।

## परिच्छेद - २
## उद्धेश्य, मापदण्ड र क्षेत्र

**उद्धेश्य :**  यस कार्यविधिको उद्धेश्य देहाय बमोजिम रहेको छ ।

- कुनै निश्चित भुगोललाई आधार मानि (धेरै समेट्न सक्ने गरी कार्यक्रम संचालन गर्नुपर्छ ।)

**क्षेत्र :** यस कार्यक्रमलाई देहाय बमोजिमको क्षेत्रमा विनियोजन गरी खर्च गर्नु पर्दछ ।

- बंगुर पालनको लागि बगुरका पाठापाठी वितरण/अनुदान ।
- कृषकको लागि टनेल ।
- बाख्रा वितरण ।
- सिंचाईको लागि पाइप ।
- हाते ट्याक्टर ।
- खोर निर्माण

**मापदण्ड :** नगर प्रमुख आय आर्जन कार्यक्रम रकम विनियोजनको मापदण्ड देहाय

बमोजिम रहेको छ ।

- मापदण्ड बमोजिमको विपन्न,असहाय, दलित, जनजाति एवं अल्पसंख्यक हुनु पर्ने ।
- कार्यक्रममा दोहोरोपना हुन नहुने ।

## परिच्छेद - ३
## समन्वय समिति

नगर प्रमुख आय आर्जन कार्यक्रमलाई सु-व्यवस्थित ढंगले अगाडी बढाउन, प्रतिफलयुक्त कार्यक्रम छनोट गर्न र अनुगमन एवं मुल्याङ्कन गर्न समेत देहाय बमोजिमको समन्वय समिति रहनेछ ।

संयोजक - नगर प्रमुख
सदस्य - प्रमुख प्रशासकीय अधिकृत
सदस्य - (वडा अध्यक्ष) सम्बन्धित क्षेत्र हेर्ने ।
सदस्य - सम्बन्धित शाखा प्रमुख / प्राविधिक शाखा
सदस्य सचिव - योजना शाखा प्रमुख

- समन्वय समितिको वैठकमा आवश्यकता अनुसार आय आर्जन कार्यक्रमका सदस्य एवं विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।
- आफ्नो कार्यविधि थप गर्न, कार्यक्रम संचालन र व्यवस्थापन गर्न समन्वय समिति स्वायत्त हुनेछ ।

### समितिको काम कर्तव्य र अधिकार

- कार्यविधिले तोके बमोजिम कार्यक्रम तर्जुमा गर्ने ।
- कार्यविधिको पूर्ण पालना गर्ने गराउने ।
- स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने ।
- आवश्यक परे थप मापदण्ड बनाइ कार्यान्वयन गर्ने ।
- आय आर्जन सम्बन्धि कार्य गर्ने अन्य निकायहरुसँग समन्वय गर्ने ।

### समितिको बैठक र निर्णय

- समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।
- समितिको बैठक संयोजकले तोकेको मिति समय र स्थानमा बस्नेछ ।
- समितिको कुल सदस्य संख्याके ५० प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको गणपुरक संख्या पुगेको मानिने छ ।
- समितिको बैठकको निर्णय सदस्य सचिवले उठाउने छ ।

## परिच्छेद -४
## कार्यान्वयन प्रकृया

नगर प्रमुख आय आर्जन कार्यक्रम अन्तर्गत छनौट भएका कार्यक्रमहरु निम्न प्रकृयाबाट कार्यन्वयन गरिने छ ।

क. समन्वय समितिबाट छनौट भएका योजना तथा कार्यक्रमहरु वडाहरुमा रहेका कृषि तथा पशु विकास सहकारी मार्फत कार्यान्वयन गरिने छ ।

ख.  कुनै कार्यक्रम सहकारी मार्फत कार्यन्वन हुन नसकेमा सम्वन्धित वडाका वडा सचिव मार्फत कार्यान्वयन गरिने छ ।

ग.  आवश्यक्ता बमोजिम उपभोक्ता समिति वा समिति मार्फत समेत कार्यान्वयन गर्न सकिनेछ ।

## परिच्छेद -४
## विविध

३.  कार्यक्रमको प्रशासनिक खर्च नगरपालिकाको विनियोजित बजेटबाट व्यहोरिने छ ।

४.  बैठक भत्ता नगरपालिकाका अन्य समितिले पाए सरहको बैठक भत्ता दिइने छ ।

५.  समितिले आफुले गरेको कामको अभिलेख राख्नु पर्नेछ ।

६.  नगरपालिकाले समितिको काम कारवाहीको सन्दर्भमा समितिलाइ निर्देशन दिन सक्नेछ ।

७.  नगरपालिकाको निर्णयबाट यस कार्विधिलाइ आवश्यक्ता अनुसार संसोधन तथा परिमार्जन गर्न सकिनेछ ।

**प्रमाणित गने अधिकारीक**

दस्तखत
नाम,थर :- झविन्द्र खनाल
पद :- प्रमुख प्रशासकीय अधिकृत
कार्यालय :- शितगंगा नगरपालिकाको कार्यालय ठाडा
मिति :- २०७८/११/९